वर्ष ६, अंक ३
चैत्र, March 2015

# ICAN Newsletter

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको खबरपत्र

### अध्यक्षको मन्तव्य,



शुसासन र जवाफदेहिता कायम राख्नु सरकारका प्रमुख उद्देश्यहरू हुन् । यसको प्राप्तीका लागि सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीको केन्द्रीय भूमिका रहेको हुन्छ । आर्थिक क्षेत्रको विकास तथा बृद्धिका लागि प्रभावकारी सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीको महत्त्वपूर्ण योगदान रहेको हुन्छ । अपार्याप्त साधन तथा श्रोतको प्रयोगबाट राष्ट्रको असीमित चाहना र मागलाई पूरा गर्नुपर्ने हुनाले जनताले सार्वजनिक वित्त परिचालनको माध्यमबाट सरकारले योगदान गरोस भन्ने अपेक्षा राखेका हुन्छन् । त्यस्तै चाहना दुलर्भ श्रोत तथा साधनहरूको उचित प्रयोगबाट गुणात्मक सेवा, सुरक्षित र स्थायी वातावरणको माध्यमबाट समाज सवल बनोस भन्ने जन चाहना हुन्छ । यदि यसो हुन नसकेमा स्वदेशी तथा बिदेशी लगानी वातावरणमा प्रतिकूल स्थिति आउने, ऋणको भार बढ्ने, सहयोग कोष आकर्षणमा कठिनाई, रोजगारीमा कटौती, निम्न आर्थिक बृद्धि र न्यून जीवन स्तरको अवस्था सृजना हुन आउँछ ।

### के हामी साच्चिकै बिकसित छौं ?

शताव्दी अघि सार्वजनिक प्रशासनको सरकारी मोडल सकारात्मकता, विवेकशिलता, प्रभावकारीता र सार्वजनिक व्यवस्थापनमा आधारित थियो । जसमा पदसोपान (Hierarchical) प्रणाली, बिवेकशील कानूनी अधिकार र कार्यात्मक बिशेषज्ञता कायम रहेको पाइन्थ्यो । जसबाट सार्वजनिक प्रशासनमा सरकारी मोडलले ठूला तथा कठीन कार्यहरू सहजताका साथ सम्पन्न गर्दथ्यो । विभिन्न क्षेत्रमा भएको विकास तथा प्रविधिको विकास हुंदाहुदैं पनि बीसौं सताव्दीको अन्त्यतिर र एकाइसौं सताव्दीको शुरूदेखि सार्वजनिक वित्तीय व्यवस्थापन भने बिकशित, बिकाशशील र अल्पबिकसित सबै मुलुकमा चुनौतिको रूपमा खडाभएको छ ।

### U.S. Government's 2014 Financial Report- Why Disclaimer Report?

U.S. Government's 2014 Financial Report मा वित्तीय व्यवस्थापन र वित्तीय चुनौतिलाई कम महत्त्वका साथ हेरिएको उल्लेख छ । संघीय सरकारको कमजोर आन्तरिक नियन्त्रण, कैयन अनिश्चितता र अन्य सिमितताको कारणबाट U.S. Government Accountability Office (GAO) ले संघीय सरकारको एकिकृत वित्तीय प्रतिवेदन प्रणाली लागु गर्न सकेको छैन ।

२०१४ मा सरकारी तवरमा प्रोदभावी एकिकृत वित्तीय प्रतिवेदन कार्यान्वयन हुन नसक्नुमा तीन प्रमुख कारणहरू निम्न रहेका छन् ।

१) रक्षा बिभागको वित्तीय व्यवस्थापनमा रहेको समस्याको कारण वित्तीय प्रतिवेदन लेखापरीक्षण योग्य नहुनु ।
२) संघीय सरकारको असक्षमताको कारण आन्तरिक सरकारी क्रियाकलाप र संघीय निकायहरूमा सन्तुलनको अभाव ।
३) संघीय सरकारको एकिकृत वित्तीय प्रतिवेदन तयार गर्न अप्रभावकारी प्रकृयागत तयारी ।

### Nepalese Context- Why High Fiduciary Risks and Qualified Audit Report?

सुशासन, सार्वजनिक श्रोतको पूर्ण सदुपयोग र वृहत विकासको लागि सवल सार्वजनिक वित्तीय व्यवस्थापन सरकारको रणनीतिको एक प्रमुख तत्वको रूपमा स्वीकार गरिएको छ । कमजोर योजना, बजेट कार्यान्वयनमा बढ्दो अनुशासन हीनता, अप्रभावकारी खर्च नियन्त्रण र सार्वजनिक खरिदमा खुकुलोपनाको अभावको कारणबाट केन्द्रीय तथा स्थानीय तहका विकास योजनामा कानूनी जोखिम (Fiduciary Risks) बढी देखिएको छ । महालेखापरीक्षकको कार्यालयले बिगत केही समयदेखि कैफियत सहितको प्रतिवेदन दिंदै आएको छ ।

### संस्थाको १८औं वार्षिकोत्सव

२०७१ माघ १७ गते संस्थाले आफ्नो स्थापनाको १८औं वार्षिकोत्सव भव्यताका साथ काठमाडौंमा सम्पन्न गऱ्यो । माननीय अर्थमन्त्री डा. रामशरण महतले दीप प्रज्वलन गरी कार्यक्रमको विधिवत शुभारम्भ गर्नुभएको थियो ।



माननीय अर्थमन्त्री डा. रामशरण महत कार्यक्रममा दीप प्रज्वलन गर्नुहुंदै ।

कार्यक्रममा संस्थाका अध्यक्ष सिए. नरेन्द्र भट्टराईले आव २०७०/७१ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । सो कार्यक्रममा संस्थाका प्रथम अध्यक्ष सिए. कोमल बहादुर चित्रकारलाई दोसल्ला ओढाई बिशेष सम्मान गरिनुका साथै डिसेम्बर २०१३ र जून २०१४ को चार्टर्ड एकाउन्टेन्सी परीक्षामा सर्वोकृष्ट अंकल्याई उर्त्तीण हुने बिद्यार्थीलाई माननीय अर्थमन्त्रीले पदक तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो । सोही अवसरमा संस्थाका उत्कृष्ट कर्मचारीहरू रामकुमार नेपाल, सविना महर्जन र शिवहरी नेपाललाई आ.व. २०७०/७१ को उत्कृष्ट कर्मचारीको रूपमा सम्मान गरिएको थियो । त्यसका साथै नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था कर्मचारी युनियनले संस्थाको वार्षिक उत्सवको उपलक्ष्यमा आयोजना गरेको खेलकुद प्रतियोगितामा प्रथम र द्वितीय हुने कर्मचारीलाई समेत माननीय अर्थमन्त्रीले पुरस्कार प्रदान गर्नुभएको थियो ।



माननीय श्री जनार्दन शर्मा, संस्थाका अध्यक्ष तथा पूर्व-अध्यक्षहरूका साथ सम्मानित विद्यार्थी तथा कर्मचारीहरू ।

**अधिकार र कर्तव्य वीच सह-सम्बन्ध- के हामी अधिकारको लागि मात्र आवाज उठाउँदैछौं ?**

यस सन्दर्भमा महात्मा गान्धीले युनेस्कोका प्रथम डाइरेक्टर जनरल डा. जुलीयन एस. हक्सलेलाई १९४७ मे २५मा Universal Declaration of Human Rights को सन्दर्भमा Correlation Between Right and Duties बारेमा व्यक्त बिचार "Very right to live accrue to us only when we do the duty of citizenship of the world" हाल पनि त्यत्तिकै सान्दर्भिक देखिन्छ ।

**किन किन्सले गरेको अनुमान गलत भयो ?**

सन १९३० मा Keynes ले यस सताव्दी भित्र प्रतिव्यक्ति आम्दानी बढ्ने, जनताका आधारभूत आवश्यकता पूरा हुने र कसैले पनि हप्तामा १५ घण्टा भन्दा बढी काम गर्न नपर्ने भनी गरेको अनुमान पूर्णत गलत सावित भएका छन् । आय बढेको भएपनि सोही अनुरुप चाहना बढ्दै गई पूरा हुन सकेका छैनन् र मानिसले बढी समय काम गरेकै छन् ।

Keynes को विचारमा "Purposeful money-makers" हरुले आर्थिक विकास गर्नेछन् र पैसाको लागि कसैले पनि मरिमेट्ने छैनन्, पूंजिबादी समाज चित्रित हुनेछ र सबैले जीवन जिउने कलामा आफूलाई समर्पित गर्नेछन् भन्ने विश्वास गरेका थिए । तर सो विश्वास यथार्थतामा देखिएन ।

**Gold Standard लाई वित्तीय संकटको दोष- के यो सही छ ?**

केही अर्थशास्त्रीहरुले Gold Standard मा धेरै समस्या भएकोले वित्तीय संकट निम्त्याएको धारणा राखे तर अनुसन्धानका धेरै प्रमाणले International Gold Standard को प्रवेशलाई वित्तीय संकटको दुर्भाग्यपूर्ण कारकको रूपमा प्रस्तुत गरे ।

**पूंजीको योगदानको पहिचान- के विश्वव्यापीकरणले वित्तीय व्यवस्थापन प्रणालीलाई कमजोर पार्दैछ ?**

उत्पादनका परम्परागत चार साधनमध्ये विश्वव्यापीकरणको सन्दर्भमा पूंजी आकर्षक र चलायमानताको फलस्वरुप वित्तीय प्रणालीलाई बढी कमजोर बनाएको छ । उत्पादनका अन्य साधनमध्ये श्रम र औद्योगिक क्षेत्रको स्थान सीमित छ । थोमस पिकट्टीको “Capital in Twenty first Century” ले असमानताको कारण तथा परिणामको बारेमा बादबिवाद पैदा गऱ्यो । पिकट्टीको दावी अनुसार विकसित विश्वमा असमानता सृजना गर्न धनि देशहरुले पूंजीको प्रतिफलको दर राष्ट्रिय आय बृद्धिको तुलनामा बढी हुनेगरी सम्पत्ती जम्मा पार्ने प्रवृति हावीलाई प्रमुखकारण रहेको बताए । के पिकट्टीको बिश्लेषण व्यवसायिक अर्थशास्त्रीहरुको लागि खुराक बन्न सक्छ वा नीति निर्माताको लागि नीति बनाउन भन्ने प्रश्न चिन्ह रहेको छ ।

**संस्थाको १८औं वार्षिकोत्सव**

२०७१ माघ १७ गते संस्थाले आफ्नो १८औं वार्षिकोत्सव कार्यक्रम भव्यताका साथ सम्पन्न गऱ्यो । माननीय अर्थमन्त्री डा. रामशरण महतले दीप प्रज्वलन गरी कार्यक्रमको विधिवत शुभारम्भ गर्नुभएको थियो ।

कार्यक्रममा Institute of Chartered Accountants of India (ICAI) का परिषद् सदस्य सिए. भी. मुरलीले “Code of Ethics-Enhancing Professional Value and Social Faith” विषयमा प्रमुख वक्ताको रूपमा आफ्नो धारणा राख्नुभएको थियो । उक्त अवसरमा महालेखापरीक्षक श्री भानुप्रसाद आचार्य, सर्वजनिक लेखा समितिका सभापति माननीय श्री जनार्दन शर्मा र प्रमुख अतिथि माननीय अर्थमन्त्री डा. रामशरण महतले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

**ICAN Summit - २०१५**

संस्थाको इतिहासमा पहिलो पटक २०७१ माघ १७ र १८ गते आयोजना भएको ICAN Summit –२०१५ “लेखाव्यवसायमा नयाँ आयाम” विषयमा कार्यक्रम गरियो ।

प्रथम सत्रमा सिए. भी मुरलीले New Dynamics of Accounting Profession- Drivers of Change and its Impact सम्बन्धी आफ्नो कार्यपत्र प्रस्तुत गर्नु भयो ।

दोश्रो सत्रमा संस्थाका पूर्व अध्यक्ष सिए. प्रदीपकुमार श्रेष्ठले Accounting Professionals to Improve Governance and Financial Management System in Corporate and PFM Sector सम्बन्धमा आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

तेश्रो सत्रमा २ वटा पेपर प्रस्तुत गरिएका थिए । सो सत्रमा निवर्तमान अध्यक्ष सिए. महेशकुमार गुरागाई र पार्षद सिए. सुरेश देबकोटाले क्रमशः दुई वेग्ला-वेग्लै Foreign Aid management- Professional Accountant Prospective र Areas of other Value Added Services for Professional Accountant शीर्षकमा आ-आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

चौथो सत्रमा लेखापरीक्षणमान बोर्डका पूर्व अध्यक्ष सिए. नन्दकिशोर शर्माले Audit Expectation Gap and its Impact on Accounting Profession विषयमा आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

चारवटै सत्रमा प्रस्तुत गरिएका कार्यपत्रहरू उपर सम्बन्धित सत्रका अध्यक्ष एवं टिप्पणीकारहरूले आफ्नो धारणा राख्नुभएको थियो ।

**आयकर तथा मूल्य अभिबृद्धि कर सम्बन्धी अन्तरकृया**

मिति २०७१/११/२६ मा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको Fiscal and Taxation Committee ले आयकर तथा मूल्य अभिबृद्धि कर सम्बन्धी अन्तर कृया कार्यक्रम सञ्चालन गऱ्यो । नेपाल सरकारले कर सम्बन्धी नीति तथा प्रशासनिक सुधार गर्नुपर्ने आवश्यकता महशुस गरेर उच्च स्तरीय कर सुझाउ आयोग (High Level Tax Review Suggestion Commission) को गठन गरेको छ । नियमनकारी निकायको हैसियतमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले सरकारलाई आयकर तथा मूल्य अभिबृद्धि करका क्षेत्रमा नीति निर्माण तथा प्रशासनिक क्षेत्रमा हुनु पर्ने सुधार बारेमा सुझावहरू दिन आधा दिनको अन्तरकृया कार्यक्रम सञ्चालन गरेको थियो ।

**संस्था आफ्नो नयाँ भवनमा सरेको**

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था बबरमहल, काठमाडौंबाट सातदोबाटो स्थित आफ्नै नवनिर्मित भवनमा सरेको छ । २०७१ फाल्गुणको दोस्रो साताबाट संस्थाले नवनिर्मित भवनबाट आफ्नो कार्यालय सञ्चालन गरी नियमिति सेवा प्रदान गरेको छ ।

**ईन्फरमेसन सिस्टम अडिट (आईएसए) कोर्ष**

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले ICAI को प्रविधिक सहयोगमा २०७१ माघ १८ देखि माघ २९ सम्म चौथो व्याचको ईन्फरमेसन सिस्टम अडिट (आईएसए) कोर्ष सम्पन्न गऱ्यो । उक्त कोर्षको उद्देश्य चार्टर्ड एकाउन्टेन्टहरूलाई सूचना प्रविधिको क्षेत्रमा व्यवसायिक विकास, लेखापरीक्षणमा सूचना प्रविधिको प्रयोगका सम्बन्धमा विशेष जानकारी गराउने रहेको थियो ।

**न्यूनतम लेखापरीक्षण शुल्क तथा लेखापरीक्षण गर्नपाउने फाईल संख्याको सीमा**

संस्थाले न्यूनतम लेखापरीक्षण शुल्क तथा लेखापरीक्षण गर्नपाउने फाईल संख्याको सीमा परिमार्जन गरेको छ । परिमार्जित न्यूनतम लेखापरीक्षण शुल्क तथा लेखापरीक्षण गर्न पाउने फाईल संख्याको सीमा आर्थिक बर्ष २०७२/७३ बाट लागु हुनेछ । यसलाई नयाँ नियुक्तिमा समेत प्रयोगमा ल्याउन प्रोत्साहन गरिएको छ ।

अन्तमा म परिषद् सदस्य तथा संस्थाका अन्य सदस्यहरूलाई लेखाव्यवसायको विकासको लागि आवश्यक सुझाव तथा सहयोगको लागि आग्रह गर्दछु । अर्को संस्करणमा संस्थाका अन्य विकास सम्बन्धी गतिविधि बारेमा जानकारी गराउने नै छु ।

धन्यवाद !!

सिए. नरेन्द्र भट्टराई
अध्यक्ष

कार्यक्रममा The Institute of Chartered Accountants of India(ICAI) का परिषद् सदस्य सिए. भी. मुरलीले "Code of Ethics-Enhancing Professional Value and Social Faith" विषयमा प्रमुख वक्ताको रूपमा आफ्नो धारणा राख्नुभएको थियो । उक्त अवसरमा महालेखापरीक्षक श्री भानुप्रसाद आचार्य, सर्वजनिक लेखा समितिका सभापति माननीय श्री जनार्दन शर्मा र प्रमुख अतिथि माननीय अर्थमन्त्री डा. रामशरण महतले संस्था तथा संस्थाका सदस्यहरूको भूमिका र अन्य समसायिक विषयमा आ-आफ्नो धारणा राख्नुभएको थियो । मन्तव्य राख्ने क्रममा महालेखापरीक्षक श्री भानुप्रसाद आचार्यले लेखाव्यवसायमा देखा परेका बिकृतिहरूलाई नियन्त्रण गर्न सो क्षेत्रमा लागेका व्यक्तिहरूले नै कदम चाल्नुपर्ने धारणा राख्दै लेखापरीक्षकहरूले स्वतन्त्र रूपमा काम गर्न नसके लेखापरीक्षण गरिएका प्रतिवेदनलाई सत्यतामा पुऱ्याउन गाह्रो हुने विचार व्यक्त गर्नुभएको थियो । उहाँले लेखाव्यवसायको नियमनकारी निकायको रूपमा स्थापित यस संस्थाको सफलताको कामना समेत गर्नुभएको थियो । आफ्नो धारणा राख्ने क्रममा सार्वजनिक लेखा समितिका सभापति माननीय श्री जनार्दन शर्माले लेखापरीक्षकले राष्ट्र, समाज र जनताको हितको लागि काम गर्नुपर्नेमा जोड दिनु भयो । सोही अवसरमा प्रमुख अतिथि माननीय अर्थमन्त्री डा. रामशरण महतले लेखापरीक्षकले सही गरेको प्रतिवेदनलाई सर्वसाधारणले विश्वास गर्ने हुँदा प्रतिवेदनमा सत्य तथ्यलाई उजागर गर्नुपर्ने धारणा राख्नुभएको थियो । हाम्रो जस्तो मुलुकमा बैदेशिक लगानी महत्त्वपूर्ण हुने भएकोले सो को लागि लेखापरीक्षकको भूमिका पनि त्यत्तिकै महत्त्वपूर्ण हुंने विचार राख्नुभएको थियो । संस्थाका अध्यक्ष सिए. नरेन्द्र भट्टराईले प्रमुख अतिथि तथा अतिथिहरूलाई मायाको चिनो प्रदान गर्नुभएको थियो । अन्तमा उपाध्यक्ष सिए. प्रकाश लम्सालले कार्यक्रममा उपस्थित सबैलाई सहभागिताका लागि तथा कार्यक्रम सफल पार्न सहयोग गर्नुहुने सबैलाई धन्यवाद ज्ञापन सहित उक्त दिनको कार्यक्रम समापन भएको घोषणा गर्नुभएको थियो ।

### रक्तदान कार्यक्रम सम्पन्न

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको १८औं वार्षिक उत्सवको उपलक्ष्यमा नेपाल राष्ट्रिय कर्मचारी संगठन (नियोन) र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स बिद्यार्थी संगठन (एनकासा)को संयुक्त आयोजनामा १२ माघ २०७१ मा संस्थाको प्राङ्गणमा रक्तदान कार्यक्रम सम्पन्न भयो । संस्थाका कर्मचारी तथा संस्थामा अध्ययनरत बिद्यार्थीहरूले रक्तदान गरेका थिए । कार्यक्रम औपचारिक रूपमा शुरू गर्ने क्रममा संस्थाका अध्यक्ष, कर्मचारी संगठनका अध्यक्ष तथा बिद्यार्थी संगठनका अध्यक्षले आ-आफ्नो धारणा राख्नुभएको थियो । रक्तदानको माध्यमबाट धेरैको जीवन बचाउन सकिने यथार्थलाई ध्यानमा राखि नेपाल रेडक्रस सोसाइटी, रक्त सञ्चार सेवा केन्द्रको सहकार्यमा नेपाल राष्ट्रिय कर्मचारी संगठन, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स बिद्यार्थी संगठनको संयुक्त आयोजनामा बिगत केही वर्षदेखि रक्तदान कार्यक्रम सञ्चालन हुंदै आएको छ । कार्यक्रममा ५५ जनाले रक्तदान गरेका थिए ।

### प्रथम ICAN Summit- २०१५

संस्थाको १८ औं वार्षिक उत्सवको अवसार पारी संस्थाको इतिहासमा पहिलो पटक आयोजना भएको ICAN Summit–२०१५ "लेखाव्यवसायमा नयाँ आयाम" निम्न ४ चरणमा २०७१/१०/१७ र १८ गते काठमाडौंमा सञ्चालन गरियो ।

| चरण | पेपर प्रस्तोता | विषय | टिप्पणीकार | अध्यक्षता |
|---|---|---|---|---|
| १. | सिए. भी. मुरली, परिषद् सदस्य ICAI | New Dynamics of Accounting Profession- Drivers of Change and its Impact | १) सिए. मधु विर पाण्डे, पूर्व अध्यक्ष<br>२) सिए. लुम्वध्वज महत, पूर्व अध्यक्ष ACAN | १) सिए. प्रभुराम भण्डारी, पूर्व अध्यक्ष |
| २. | सिए. प्रदीपकुमार श्रेष्ठ, पूर्व अध्यक्ष | Accounting Professionals to Improve Governance and Financial Management System in Corporate and PFM Sector | श्री बाबुराम श्रेष्ठ, अध्यक्ष धितोपत्र बोर्ड | सिए. कोमलबहादुर चित्रकार, प्रथम अध्यक्ष |
| ३. | १. सिए. महेशकुमार गुरागाई, निवर्तमान अध्यक्ष<br>२. सिए. सुरेश देबकोटा, परिषद् सदस्य | 1. Foreign Aid management- Professional Accountant Prospective<br>2. Areas of other Value Added Services for Professional Accountant | | सिए. मदनकृष्ण शर्मा, पूर्व अध्यक्ष, लेखामान बोर्ड |
| ४. | सिए. नन्दकिशोर शर्मा, पूर्व अध्यक्ष, लेखापरीक्षणमान बोर्ड | Audit Expectation Gap and its Impact on Accounting Profession | १. सुरेश प्रधान, सह सचिव, नेपाल सरकार<br>२. श्री बाबुराम गौतम, नायबमहालेखा परीक्षक, म.ले.प कार्यालय | सिए. नरेन्द्र भट्टराई, अध्यक्ष |

प्रथम सत्रका पेपर प्रस्तोता सिए. भी मुरलीले New Dynamics of Accounting Profession- Drivers of Change and its Impact सम्बन्धमा आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्र प्रस्तुत गर्दै उहाँले लेखाव्यावसायमा आएको नयाँ आयामलाई समय सापेक्ष रूपमा आत्मसात गर्न सकेको अवस्थामा मात्र लेखाव्यावसायमा देखिएका बिविध चुनौतिहरूलाई सहज रूपमा सामना गर्न सकिने धारणा राख्नुभएको थियो ।

दोश्रो सत्रमा संस्थाका पूर्व अध्यक्ष सिए. प्रदीपकुमार श्रेष्ठले Accounting Professionals to Improve Governance and Financial Management System in Corporate and PFM Sector सम्बन्धमा आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँले सुशासनमा सहयोग पुऱ्याउन लेखाव्यावसायीहरूको भूमिका र सार्वजनिक क्षेत्रमा संस्थागत सुशासन र त्यसको प्रयोगको सम्बन्धमा जानकारी गराउनु भएको थियो । सार्वजनिक वित्तीय व्यवस्थापनमा कमजोरी हुंदा संस्थाहरूले घाटा व्यहोर्नु परेको धारणा राख्नुभएको थियो ।

तेश्रो सत्रमा २ वटा पेपर प्रस्तुत गरिएका थिए । सो सत्रमा सिए. महेशकुमार गुरागाई, निवर्तमान अध्यक्ष र सिए. सुरेश देबकोटा, पार्षदले क्रमशः दुई भिन्न भिन्न Foreign Aid management- Professional Accountant Prospective र Areas of other Value Added Services for Professional Accountant शीर्षकमा आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

चौथो सत्रमा लेखापरीक्षमान बोर्डका पूर्व अध्यक्ष सिए. नन्दकिशोर शर्माले Audit Expectation Gap and its Impact on Accounting Profession विषयमा आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । टिप्पणी गर्दै टिप्पणीकारहरूले सार्वजनिक वित्तीय लेखाप्रणलीमा लेखापरीक्षकले ध्यान दिनुपर्ने बताउनु भयो । सत्रको अध्यक्षको हैसियतमा सिए. नरेन्द्र भट्टराईले जनआकांक्षा अनुसार कामहुन नसक्दा समस्या बढेको धारणा राख्दै उहाँले लेखापरीक्षकहरूले आफूलाई शीप तथा क्षमता अभिबृद्धी गर्दै लानुपर्ने धारणा समेत राख्नुभयो ।

कार्यक्रममा ल्फोरबाट उठेका जिज्ञासाहरूको बारेमा सम्बन्धित कार्यपत्र प्रस्तोता तथा टिप्पणीकारहरूले जवाफ दिनुभएको थियो । सम्बन्धित सत्रका अध्यक्षहरूले समेत कार्यपत्र माथि आफ्नो धारणा राख्नुभएको थियो ।

### आयकर तथा मूल्य अभिबृद्धि कर सम्बन्धी अन्तरकृया, काठमाडौं

मिति २०७१/११/२६ मा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको Fiscal and Taxation Committee ले आयकर तथा मूल्य अभिबृद्धि कर सम्बन्धी अन्तरकृया कार्यक्रम सञ्चालन गऱ्यो ।




आयकर तथा मूल्य अभिबृद्धि कर सम्बन्धी अन्तरकृया कार्यक्रममा संस्थाका अध्यक्ष, उपाध्यक्ष तथा पूर्व-अध्यक्ष ।

नेपाल सरकारले कर सम्बन्धी नीति तथा प्रशासनिक सुधार गर्नुपर्ने आवश्यकता महशुस गरेर उच्च स्तरीय कर सुझाव आयोग (High Level Tax Review Suggestion Commission) को गठन गरेको छ । नियमनकारी निकायको हैसियतमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले सरकारलाई आयकर तथा मूल्य अभिबृद्धि करका क्षेत्रमा नीति निर्माण तथा प्रशासनिक क्षेत्रमा हुनुपर्ने सुधार वारेमा सुझावहरू दिन आधा दिनको अन्तरकृया कार्यक्रम सञ्चालन गरेको थियो । कार्यक्रममा ३५ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रमलाई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका पूर्व अध्यक्ष एवं Fiscal and Taxation Committeeका अध्यक्ष सिए. तीर्थराज उपाध्यायको स्वागत मन्तव्यबाट शुरू भएको अन्तरकृया कार्यक्रममा सिए. जगदीश अग्रवालले Fiscal

and Taxation Committee ले तयार गरेको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सोही अवसरमा संस्थाका अध्यक्ष नरेन्द्र भट्टराईले International Taxation Qualified सदस्यहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो । संस्थाका अध्यक्ष नरेन्द्र भट्टराईले कार्यक्रमको विधिवत समापन गर्नुभएको थियो ।

## संस्था आफ्नो भवनमा सरेको

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था बबरमहल, काठमाडौंबाट सातदोबाटो स्थित आफ्नै नवनिर्मित भवनमा सरेको छ । २०७१ फाल्गुणको दोस्रो साताबाट संस्थाले नवनिर्मित भवनबाट आफ्नो कार्यालय सञ्चालन गरी नियमित सेवा प्रदान गरेको छ ।

## ईन्फरमेसन सिस्टम अडिट (आईएसए) कोर्ष सम्पन्न

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले ICAI को प्रविधिक सहयोगमा चौथो व्याचको ईन्फरमेसन सिस्टम अडिट (आईएसए) कोर्ष सम्पन्न गऱ्यो । १८ देखि २९ माघ २०७१ सम्म जम्मा १२ दिन सञ्चालित उक्त कोर्षको उद्देश्य चार्टर्ड एकाउन्टेन्टहरूलाई सूचना प्रविधिको क्षेत्रमा व्यवसायिक विकास, लेखापरीक्षणमा सूचना प्रविधिको प्रयोगका सम्बन्धमा विशेष जानकारी गराउने रहेको थियो । यसको प्रयोगबाट व्यवसायिक जोखिम समेत कम हुने हुंदा यसको प्रयोगलाई जोड दिनु पनि आवश्यक भएकोले संस्थाले यस कार्यक्रमलाई नियमित रुपमा सञ्चालन गर्दै आएको छ ।



संस्थाका अध्यक्ष तथा स्रोत व्यक्तिका साथ आई.एस.ए. कोर्षका सहभागीहरु ।

३० जनाको सहभागिता रहेको यस कोर्षले १०० घण्टाको समय अवधिलाई समेटेको थियो ।

## न्यूनतम लेखापरीक्षण शुल्क तथा लेखापरीक्षण गर्नपाउने फाईल संख्याको सीमा

लेखापरीक्षण शुल्क तथा लेखापरीक्षण गर्न पाउने फाईल संख्याको सीमा सम्बन्धमा छलफल गर्न परिषदले गठन गरेको पाँच सदस्यीय कार्यदलले विभिन्न मितिमा विभिन्न नियमनकारी निकायसंग छलफल गरेको थियो । संस्थाका उपाध्यक्ष सिए.प्रकाश लम्साल संयोजक रहनुभएको उक्त कार्यदलका अन्य सदस्यहरूमा निवर्तमान अध्यक्ष सिए. महेशकुमार गुरागाई, पार्षदहरू सिए. अच्यूतराज जोशी र बद्रीप्रसाद भट्टराई तथा सह-निर्देशक विनोद न्यौपानले सचिव रहनुभएको थियो ।

कार्यदलका सदस्यहरूले नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडा, सहकारी बिभागका रजिष्ट्रार श्री विष्णुहरि पौडेल, बीमा समितिका अध्यक्ष डा. फत्तबहादुर के.सी., कम्पनी रजिष्ट्रार कार्यलयका कम्पनी रजिष्ट्रार श्री. प्रेमकुमार श्रेष्ठ, महालेखापरीक्षक श्री भानुप्रसाद आचार्य र संघीय मामला तथा स्थानीय विकास मन्त्रालयका सह सचिव श्री. पूर्णबहादुर तण्डुकारलाई भेटी लेखापरीक्षण शुल्क तथा लेखापरीक्षण गर्नपाउने फाईल संख्याको सीमा सम्बन्धमा छलफल गरेको थियो । यसरी कार्यदलले विभिन्न पक्षहरूसंग गरेको अपौचारिक तथा अनौपचारिक छलफलहरूमा विभिन्न कुराहरूलाई आधार मानि परिषद्मा पेश गरे बमोजिम परिषद्को १९४औं बैठकले न्यूनतम लेखापरीक्षण शुल्क तथा लेखापरीक्षण गर्न पाउने फाईल संख्याको सीमा स्वीकृतीको निर्णय गरेको छ । सोको बारेमा सरोकारवालाहरूको लागि विस्तृत जानकारी यस खबर पत्रको सूचनामा उपलब्ध छ ।

## सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी संस्था सम्बन्धमा

श्रावण १ देखि चैत्र १७, २०७१ सम्म सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी संस्था स्थिति तथा नवीकरणको स्थिति निम्न बमोजिम रहेको छ ।

| सदस्य | सदस्यता | | पेशागत प्रमाणपत्र | | लेखाव्यवसायी संस्था | |
|---|---|---|---|---|---|---|
| | कूल | नवीकरण | कूल | नवीकरण | कूल | नवीकरण |
| एफसिए | २४९ | २२० | १८३ | १२१ | ५४६ | २९३ |
| सिए | ६२१ | ६०१ | ४७२ | १९५ | | |
| आरए. बी | ३३७३ | २०८६ | ३१३४ | १५३७ | १२२८ | ९८२ |
| आरए. सी | १६०६ | ९१९ | १४७३ | ७३१ | ५९५ | ४६३ |
| आरए. डी | २२८८ | १३६८ | २०९६ | ११८३ | ७७१ | ६८९ |
| कूल सदस्य | ८१३७ | ५१९४ | ७३५८ | ३७६७ | ३१४० | २४२७ |

## २०१४ डिसेम्बरमा सञ्चालित चार्टर्ड एकाउन्टेन्सी परीक्षाको परीक्षाफल प्रकाशित

संस्थाबाट २०१४ डिसेम्बरमा लिईएको चार्टर्ड एकाउन्टेन्सी कोर्ष अन्तर्गत CAP I, CAP II र CAP III तहको अन्तिम परीक्षा को नतीजा १५ फेब्रुअरी २०१५ मा प्रकाशित भएको छ । डिसेम्बर १ देखि ०९, २०१४ सम्म सञ्चालित उक्त परीक्षामा सम्मिलित परीक्षार्थीहरूको नतीजा तहगत रूपमा निम्न बमोजिम रहेको छ ।

| क्र.सं | तह | बिद्यार्थी विवरण | पहिलो समूह | दोश्रो समूह | दुवै समूह | कूल |
|---|---|---|---|---|---|---|
| १ | CAP I | परीक्षामा उपस्थिति | | | | ६९२ |
| | | उत्तीर्ण संख्या | | | | ४९३ |
| २ | CAP II | परीक्षामा उपस्थिति | ३४६ | २११ | ६९५ | १२५२ |
| | | उत्तीर्ण संख्या | ८१ | ५१ | ५४ | १८६ |
| ३ | CAP III | परीक्षामा उपस्थिति | १३५ | १०९ | ११७ | ३६१ |
| | | उत्तीर्ण संख्या | २० | ३४ | ९ | ६३ |

परीक्षाको नतीजा अनुसार  तहगत कूल बिद्यार्थी मध्ये CAP I तहमा ६९२ मध्ये ४९३ (७१.२४%), CAP II तहमा १२५२ उपस्थित मध्ये १८६ (१४.८६%) र CAP III तहमा ३६१ मध्ये ६३ (१७.४५%) उत्तीर्ण भएका छन् । परीक्षाको नतिजा अनुसार २९ जना  चाटर्ड एकाउन्टेन्सी अन्तिम तहको परीक्षामा उत्तीर्ण भएका छन् ।

## २०१४ जून महिनामा सञ्चालित चार्टर्ड एकाउन्टेन्सी सदस्यता परीक्षाको परीक्षाफल प्रकाशित

भारतको ICAI बाट चार्टर्ड एकाउन्टेन्सी शिक्षा हासिल गर्नेहरूले संस्थाको सदस्यता प्राप्त गर्न अनिवार्य रूपमा दुई विषयको परीक्षा उत्तीर्ण गर्नुपर्ने नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ मा प्रावधान रहेको छ । संस्थाको सदस्यता परीक्षामा उत्तीर्ण भएपछि मात्र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता प्राप्त गर्न सकिने व्यवस्था अनुरूप डिसेम्बर २०१४ मा सम्पन्न भएको परीक्षामा सामेल रहेका २१२ परीक्षार्थी मध्ये ४७ जनाले परीक्षा उत्तीर्ण गरेका छन् । परीक्षाको नतीजा १५ फेब्रुअरी २०१५ मा प्रकाशित गरिएको थियो ।

## पेशागत प्रमाणपत्र बर्ग बृद्धिको नतिजा प्रकाशित

संस्थाले जून २०१४मा सञ्चालन गरेको पेशागत प्रमाणपत्रको बर्गबृद्धि लिखित परीक्षा तथा शैक्षिक योग्यता र अनुभवको आधारमा आवश्यक प्रक्रिया पुऱ्याई निवेदन दिएका सदस्यहरूको पेशागत प्रमाणपत्र बर्गबृद्धिको नतिजा २०७१/१२/०३मा प्रकाशित गरेको छ । नतिजा अनुसार ग बर्गका ५ सदस्य ख वर्गमा र घ बर्गका ३ सदस्य ग बर्गमा गरी जम्मा ८ आरए सदस्यको बर्गबृद्धि भएको छ ।

| क्र.सं | नाम | बर्गबृद्धि | |
|---|---|---|---|
| | | बर्गबाट | बर्गमा |
| १ | आरए. शंकरप्रसाद भुसाल | ग | ख |
| २ | आरए. गजराज अधिकारी | ग | ख |
| ३ | आरए. अनिता सिलवाल | ग | ख |
| ४ | आरए. सुनिल श्रेष्ठ | ग | ख |
| ५ | आरए. जयाकुमारी झा | ग | ख |
| ६ | आरए. बिदुरकुमार घिमाल | घ | ग |
| ७ | आरए. भोलानाथ शर्मा | घ | ग |
| ८ | आरए. सुरबिर भुजेल | घ | ग |

## प्रतिनिधि मण्डलको बैंङ्लोर भ्रमण

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका पांच सदस्यीय प्रतिनिधि मण्डलले २५ देखि ३१ जनवरी, २०१५ भारतको बैंङ्लोरमा आयोजना भएको ३८औं SAFA Board, SAFA Committee र Accounting Profession: Building Global Competitiveness: Accelerating Growth सम्बन्धी अन्तर्राष्ट्रिय कन्फरेन्समा भाग लियो । संस्थाका अध्यक्ष सिए. नरेन्द्र भट्टराईले नेतृत्व गर्नुभएको उक्त टोलीका अन्य सदस्यहरूमा पूर्व अध्यक्ष सिए. सुवोध कुमार कर्ण, पूर्व अध्यक्ष सिए. मधु विर पाण्डे, पार्षदहरू सिए. अच्यूतराज जोशी र आरए. मोहन कुमार पराजुली रहनुभएको थियो । अन्तर्राष्ट्रिय कन्फरेन्स तीन दिनसम्म सन्चालन भएको थियो ।

## कर्मचारी बढुवा

संस्थाले माघ १६, २०७१ देखि लागुहुने गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन र नियमावली बमोजिम बनेको कर्मचारीको सेवाका शर्त, पारीश्रमिक एवं सुविधा विनियम अनुसार सहायक सनोज भट्टराई र कनिष्ठ सहायक अनिता भण्डारीलाई क्रमशः बरिष्ठ सहायक र सहायकमा बढुवा गरेको छ ।

## न्यूनतम लेखापरीक्षण शुल्क तथा अधिकतम फाइल संख्याको प्रावधानमा परिमार्जन सम्बन्धी सूचना ।

परिषदको मिति २०७१ फाल्गुण ४ गते बसेको १८४औ बैठकको निर्णयानुसार संस्थाका सदस्यहरूले विभिन्न निकायको लेखापरीक्षण गर्दा लिइने न्यूनतम लेखापरीक्षण शुल्क तथा परिषदले निर्धारण गरेको लेखापरीक्षण गर्न पाउने अधिकतम फाइल संख्याको प्रावधानमा परिमार्जन गरेको छ । परिमार्जित न्यूनतम लेखा परीक्षण शुल्क निम्न बमोजिम कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै उपरोक्त परिमार्जित न्यूनतम शुल्क तथा फाइल संख्याको व्यवस्था मिति २०७२ श्रावण १ गते देखि लिइने नियुक्तीहरूमा लागु हुने समेत निर्णय गरिएको छ ।

क) संस्थाका पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरूले तलका बुंदाहरूमा उल्लेख गरिएका निश्चित संस्था तथा निकायहरू बाहेकका संस्था तथा निकायहरूको लेखापरीक्षण गरे बापत प्राप्त गर्नुपर्ने न्यूनतम लेखापरीक्षण शुल्कमा देहाय बमोजिम निर्धारण गरिएको छ ।

| | संशोधित लेखापरीक्षण शुल्क रू. |
|---|---|
| "घ" वर्गका दर्तावाला लेखापरीक्षक सदस्य तथा लेखा प्राविधिज्ञले | रू. ५,००० |
| "ग" वर्गका दर्तावाला लेखापरीक्षक सदस्यले | रू. १०,००० |
| "ख" वर्गका दर्तावाला लेखापरीक्षक सदस्यले | रू. १५,००० |
| फेलो चार्टर्ड एकाउन्टेन्ट सदस्य/चार्टर्ड एकाउन्टेन्ट सदस्यले | रू. २०,००० |

ख) संस्थाका पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरूले सूचिकृत सार्वजनिक वित्तीय संस्थाहरूको लेखापरीक्षण गर्दा कूल कर्जा लगानी वा निक्षेप जुन बढी हुन्छ त्यसैको आधारमा प्राप्त गर्नुपर्ने न्यूनतम लेखापरीक्षण शुल्क देहाय बमोजिम निर्धारण गरिएको छ ।

| सूचिकृत सार्वजनिक वित्तीय संस्था | |
|---|---|
| कर्जा लगानी वा निक्षेप रकम रू. | न्यूनतम लेखापरीक्षण शुल्क रू. |
| १०० अर्व भन्दा माथि | २५,००,००० |
| ५० अर्व भन्दा माथि | २०,००,००० |
| १० अर्व भन्दा माथि | १०,००,००० |
| ५ अर्व भन्दा माथि | ५००,००० |
| १ अर्व भन्दा माथि | ३००,००० |
| न्यूनतम | १००,००० |

उपरोक्त न्यूनतम शुल्कको अधिनमा रही "क" बर्गको वाणिज्य बैंकहरूको लेखापरीक्षण गर्दा प्राप्त गर्नुपर्ने न्यूनतम लेखापरीक्षण शुल्क रू. १० लाख भन्दा कम हुनु हुंदैन ।

ग) संस्थाका पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरूले अन्य सूचिकृत भएका तथा नभएका सार्वजनिक एवं निजी कम्पनी तथा अन्य संस्थाहरूको लेखापरीक्षण गर्दा प्राप्त गर्नुपर्ने न्यूनतम लेखापरीक्षण शुल्क देहाय बमोजिम निर्धारण गरिएको छ ।

| कारोवार रकम रू. | अन्य सूचिकृत तथा सार्वजनिक संस्थाहरूको न्यूनतम लेखापरीक्षण शुल्क रू. | निजी कम्पनी तथा प्रचलित कानून बमोजिम स्थापना भएको अन्य संस्थाको न्यूनतम लेखापरीक्षण शुल्क रू. |
|---|---|---|
| ५० अर्व भन्दा माथि | २०,००,००० | १५,००,००० |
| १० अर्व भन्दा माथि | १०,००,००० | ८,००,००० |
| ५ अर्व भन्दा माथि | ५,००,००० | ४,००,००० |
| १ अर्व भन्दा माथि | ३००,००० | २५०,००० |
| ६० करोड भन्दा माथि | २००,००० | १५०,००० |
| १५ करोड भन्दा माथि | सूचिकृत कम्पनीको न्यूनतम शुल्क लागु हुने | १००,००० |
| २ करोड भन्दा माथि | सूचिकृत कम्पनीको न्यूनतम शुल्क लागु हुने | ४०,००० |

उपरोक्त न्यूनतम शुल्कको अधिनमा रही सुचिकृत कम्पनीहरूको लेखापरीक्षण गर्दा प्राप्त गर्नुपर्ने न्यूनतम लेखापरीक्षण शुल्क रू. १ लाख भन्दा कम हुनु हुंदैन ।

घ) संस्थाका पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरूले सहकारी संस्थाहरूको लेखापरीक्षण गर्दा कूलकर्जा लगानी वा निक्षेप जुन बढी हुन्छ त्यसैको आधारमा प्राप्त गर्नुपर्ने न्यूनतम लेखापरीक्षण शुल्क देहाय बमोजिम निर्धारण गरिएको छ ।

| कर्जा लगानी वा निक्षेप रकम रू. | न्यूनतम लेखापरीक्षण शुल्क रू |
|---|---|
| ५ अर्व भन्दा माथि | ५००,००० |
| १ अर्व भन्दा माथि | २००,००० |
| ६० करोड भन्दा माथि | १००,००० |
| १५ करोड भन्दा माथि | ७५,००० |
| ५ करोड भन्दा माथि | ५०,००० |
| २ करोड भन्दा माथि | २५,००० |

ङ) संस्थाका पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाहरूमा लेखापरीक्षण गर्दा, सो संस्थाहरूले नगदमा आधारित वित्तीय विवरण तयार गर्ने हुनाले, अनुदान तथा अन्य प्राप्तिको कूल रकमको आधारमा प्राप्त गर्नुपर्ने न्यूनतम लेखापरीक्षण शुल्क देहाय बमोजिम निर्धारण गरिएको छ ।

| अनुदान तथा अन्य प्राप्त रकम रू. | न्यूनतम लेखापरीक्षण शुल्क रू |
|---|---|
| ५० करोड भन्दा माथि | ५००,००० |
| २० करोड भन्दा माथि | २००,००० |
| १ करोड भन्दा माथि | १००,००० |
| ५० लाख भन्दा माथि | ५०,००० |

उपरोक्त न्यूनतम शुल्कको अधिनमा रही अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको लेखापरीक्षण गर्दा प्राप्त गर्नुपर्ने न्यूनतम लेखापरीक्षण शुल्क रू. १ लाख भन्दा कम हुनेछैन ।

च) संस्थाका पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरूले स्थानीय निकायहरूको लेखापरीक्षण गर्दा प्राप्त गर्नुपर्ने न्यूनतम लेखापरीक्षण शुल्क देहाय बमोजिम निर्धारण गरिएको छ ।

| | न्यूनतम लेखापरीक्षण शुल्क रू. |
|---|---|
| काठमाडौं उपत्यका, काभ्रे, कास्की बाहेक पहाडी क्षेत्रका सबै नगरपालिका | १००,००० |
| काठमाडौं उपत्यका, काभ्रे, कास्की तथा तराईका सबै नगरपालिका | १५०,००० |
| सबै उपमहानगरपालिका | ५,००,००० |
| सबै महानगरपालिका | १०,००,००० |

छ) सदस्यहरूले लेखापरीक्षण तथा अन्य कार्यको लागि प्रस्ताव पेश गर्दा विभिन्न तहको Manpower को न्यूनतम शुल्क तथा Certification Work को न्यूनतम शुल्क देहाय बमोजिम निर्धारण गरिएको छ ।

अ) *Statutory Audit / Internal Audit / Tax Audit & Accountancy Consultancy Job / Investigation /Management Service / Special assignments* कार्यको लागि:

| | बिद्यमान शुल्क प्रतिदिन रू. | परिमार्जित शुल्क प्रतिदिन रू. |
|---|---|---|
| एफ.सि.ए. सदस्यको हकमा | ४,००० | १०,००० |
| सि.ए.सदस्यको हकमा | ३,००० | ७,५०० |
| आर.ए.बी. सदस्यको हकमा | १,५०० | ५,००० |
| अन्य सदस्य र सहायकको हकमा | १,००० | ३,००० |

आ) *Certification Work* को लागि

| | बिद्यमान शुल्क प्रतिकार्य रू. | परिमार्जित शुल्क प्रतिकार्य रू. |
|---|---|---|
| एफ.सि.ए. सदस्यको हकमा | ३,००० | ३,००० |
| सि.ए.सदस्यको हकमा | २,५०० | ३,००० |
| आर.ए. सदस्यको हकमा | | १,५०० |

ज) रू. २० (बीस) लाख भन्दा कम कारोबार हुने प्रा.लि., एकलफर्म, साझेदारी फर्म, सहकारी संस्था सरकारी प्राथमिक विद्यालयहरू, धार्मिक संघ संस्था, सामाजिक संघ संस्था, उपभोक्त समूह, विभिन्न किसिमका समितिहरू, ट्रेड युनियन तथा पेशागत संघ संगठनहरू तथा अन्य यस्तै प्रकृतिका संघ संस्थाहरूको हकमा न्यूनतम लेखापरीक्षण शुल्क लागु हुने छैन । तर विना पारिश्रमिक लेखापरीक्षण गर्न भने पाइने छैन ।

झ) संस्थाका पेशागत प्रमाण पत्रप्राप्त सदस्यले आन्तरीक लेखापरीक्षण गर्दा प्राप्तगर्ने शुल्क पनि माथि निर्धारण गरिएको न्यूनतम लेखापरीक्षण शुल्ककै आधारमा लिनुपर्ने छ । कुनै विशेष क्षेत्र अथवा कुनै कारोवारमा सिमित रहने गरी आन्तरीक लेखापरीक्षण गर्नु परेमा बुंदा नं छ(अ) बमोजिमको प्रतिकार्य दिनको लागि तोकिएको न्यूनतम पारिश्रमिक भन्दा कम हुने छैन ।

ञ) संस्थाका पेशागत प्रमाणपत्र प्राप्त सदस्यले कर लेखापरीक्षण तथा नियमनकारी निकायले माग गरेको विशेष प्रतिवेदन तयार गर्दा छुट्टै शुल्क लिनुपर्ने छ र सो शुल्क बुंदा छ(अ) बमोजिम प्रतिकार्य दिनको लागि तोकिएको न्यूनतम पारिश्रमिक भन्दा कम हुने छैन ।

ट) माथि उल्लेख गरिएको लेखापरीक्षण शुल्कमा लेखापरीक्षणसंग सम्बन्धित अन्य खर्चहरू समावेश गरिएको छैन । लेखापरीक्षणसंग सम्बन्धित अन्य खर्च छुट्टै हुनेछ ।

ठ) न्यूनतम लेखापरीक्षण शुल्क निर्धारण गर्ने प्रयोजनको लागि लेखापरीक्षण भएको अघिल्लो आ.व.को वित्तीय विवरणलाई आधार मान्नु पर्नेछ ।

ड) सार्वजनिक निकायहरूको लेखापरीक्षण शुल्कको हकमा महालेखापरीक्षकको कार्यालयले तोकेको बमोजिम हुनेछ ।

ढ) नेपाल सरकारले संस्थाका सदस्यलाई लेखापरीक्षणको कार्य तथा व्यावसायिक प्रतिस्पर्धा बाहेकका अन्य कुनै पनि कार्यमा समावेश गराउंदाका हकमा यो निर्देशन लागु हुने छैन ।

ण) पेशागत प्रमाणपत्र प्राप्त सदस्यले एक आर्थिक बर्षमा १०० वटा सम्ममात्र लेखापरिक्षण गर्न पाउने छ । तर उक्त १०० वटा सीमा संख्या मध्ये पब्लिक लिमिटेड कम्पनीको सीमा संख्या १० वटाभन्दा बढि हुनु हुंदैन । साझेदारी फर्मका प्रत्येक साझेदारले उपरोक्त सीमासम्म लेखापरीक्षण गर्न पाउनेछ ।

तर, रू. २० (वीस) लाख भन्दा कम कारोबार हुने प्रा.लि., एकलफर्म, साझेदारी फर्म, सहकारी संस्था सरकारी प्राथमिक विद्यालयहरू, धार्मिक संघ संस्था, सामाजिक संघ संस्था, उपभोक्त समूह, विभिन्न किसिमका समितिहरू, ट्रेड युनियन तथा पेशागत संघ संगठनहरू तथा अन्य यस्तै प्रकृतिका संघ संस्थाहरूको लेखापरीक्षण माथि उल्लेखित फाईल संख्याको सीमा गणना गर्ने प्रयोजनको निमित्त सामेल गरिने छैन ।

त) न्यूनतम लेखापरीक्षण शुल्क तथा फाइल संख्या निर्धारण प्रयोजनको लागि कारोबार रकम भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ५३ मा उल्लेख भए बमोजिम हुनेछ ।

## नेपाल चार्टर्ड एकाउन्टेन्टस संस्थाको निर्वाचन सम्बन्धी सूचना

नेपाल चार्टर्ड एकाउन्टेन्टस संस्थाको सातौं परिषदको निर्वाचनको लागि मिति २०७२ जेष्ठ २८ गते शुक्रबारका दिन देहाय बमोजिमको स्थान र समयमा मतदान हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । मतदान गर्न उपस्थित हुने मतदाताले नेपाल चार्टर्ड एकाउन्टेन्टस निर्वाचन निर्देशिकाको दफा ७४ मा व्यवस्था भए बमोजिम अनिवार्य रूपमा संस्थाबाट जारी भएको सदस्यताको परिचय पत्र लिई आउनु हुन पनि यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**मतदान केन्द्र : नक्साल बैंकेट, नक्साल, काठमाडौं (प्रहरी प्रधान कार्यालयको पश्चिम पट्टि)**
**समय : बिहान ८:०० बजेदेखि अपरान्ह ५:०० बजेसम्म**

हुलाकबाट मतपत्र पठाई सकेता पनि मतदाताले काठमाडौं मतदान केन्द्रमा आँफै उपस्थीत भई मतदान गर्न चाहेमा २०७२/०२/२४ गते ५:०० बजे भित्र निर्वाचन अधिकृतको कार्यालयमा लिखित निवेदन दिनुहुन अनुरोध गरिन्छ ।

## एक व्यक्ति एक पेशा क्रमिक रुपमा लागु गर्ने बारे सचूना

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ बमोजिम मिति २०६७ पौष २० गते देखि पूर्णकालीन सेवामा रहेका चार्टर्ड एकाउन्टेन्ट सदस्यहरूलाई पेशागत प्रमाणपत्र रोक लगाउने कार्य भइसकेको र २०७० श्रावण १ गते देखि पूर्णकालीन सेवामा रहेका दर्तावाला लेखापरीक्षक सदस्यहरूलाई पेशागत प्रमाणपत्र रोक लगाउने व्यवस्था रहेको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम १ को उपनियम (२) को प्रतिबन्धात्मक हरफ "एक व्यक्ति एक पेशाको प्रावधान" दर्तावाला लेखापरीक्षक सदस्यहरूलाई २०७० श्रावण ०१ गतेदेखि प्रारम्भ गर्ने भएकोमा सो व्यवस्थालाई यथावत राखी निम्नानुसार क्रमिक रूपमा लागु गर्ने निर्णय भएको छ ।

### प्रथम चरण २०७०।७१

२०७० श्रावण ०१ गतेदेखि लेखापरीक्षण गर्न नपाउने संस्थाहरू:
क) सबै पब्लिक कम्पनीहरू तथा २ करोड भन्दा बढीको प्राईभेट कम्पनीहरू,
ख) ५ करोड भन्दा बढी रकमको बचत तथा ऋण सहकारी संस्थाहरू, र
ग) २ करोड भन्दा बढी रकमको निजी तथा साझेदारी फर्महरू, उद्योगहरू
उपरोक्त बाहेकका सबै निकायहरूको लेखापरीक्षण गर्न पाउने ।

### दोश्रो चरण २०७२।७३

२०७२ श्रावण ०१ गतेदेखि लेखापरीक्षण गर्न नपाउने संस्थाहरू:
क) सबै पब्लिक कम्पनीहरू
ख) रू. २ करोड रकमसम्मका शैक्षिक संस्थाहरू बाहेकका प्राईभेट कम्पनीहरू
ग) ग्रामिण क्षेत्र बाहेकका कर लाग्ने सबै बचत तथा ऋण सहकारी संस्थाहरू, र
घ) सबै निजी तथा साझेदारी फर्महरू, उद्योगहरू
उपरोक्त बाहेकका सबै निकायहरूको लेखापरीक्षण गर्न पाउने ।

**२०७४ साल श्रावण ०१ गतेदेखि एक व्यक्ति एक पेशा पूर्ण रूपले लागु हुनेछ ।**

टिकट

प्रकाशक : सम्पादन समिति
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)
सातदोबाटो, ललितपुर, पो.ब.नं. ५२८९ (काठमाडौं), फोन: ०१-५५३०८३२, ५५३०७३०
फ्याक्स: ००९७७-१-५५५०७७४, इमेल: ican@ntc.net.np, वेवसाइट: www.ican.org.np
शाखाहरू: विराटनगर, बुटवल, वीरगञ्ज, पोखरा, नेपालगञ्ज